# हितग्राही खातावालाहरुलाई शेयर कारोवार गरेको Debit Instruction Slip (DIS) बुझाउने समय सम्बन्धी अत्यन्त जरुरी सुचना

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट यस कम्पनीलाई ईमेल मार्फत प्राप्त मिति २०७४/०३/२० को निर्देशन तथा उक्त लि. बाट मिति २०७४/०३/२० को प्रेश बिज्ञप्ति बमोजिम राफसाफ बैंक तथा नेटिङ्ग प्रणाली मार्फत गरिने अभौतिक धितोपत्र कारोबारको राफसाफ तथा फर्छ्यौट कार्यबिधि, २०७४ को व्यवस्था बमोजिम धितोपत्र बिक्री गर्ने लगानीकर्ताहरुले धितोपत्र तथा खरिद गर्ने लगानीकर्ताहरुले धितोपत्र खरिद बापतको रकम कारोबार भएको दुई कार्यदिन भित्र बुझाई सक्नुपर्ने व्यवस्था मिति २०७४/०३/२१ देखि नै लागू भएको हुंदा यस कम्पनीमा हितग्राही खाता रहेका धितोपत्र बिक्रीकर्ताहरुलाई बिक्री गरे बमोजिमको धितोपत्र बापतको Debit Instruction Slip (DIS) कारोबार भएको दुई कार्यदिन (T+2) भित्र यस कम्पनीमा बुझाउनुहुन अनुरोध छ। उपत्यका बाहिर कारोबार गर्ने लगानीकर्ताको हकमा DIS लिने सानिमा बैंकका शाखाहरुमा उपरोक्तानुसार तोकिएको समयभित्र बुझाउनु हुन अनुरोध छ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको निर्देशन बमोजिम यस कम्पनीले निक्षेप सदस्यको हैसियतमा कारोबार भएको तेस्रो कार्यदिनको बिहान ११:३० बजे सम्म बिक्रीकर्ताको हितग्राही खाताबाट राफसाफ सदस्यको खातामा धितोपत्र हस्तान्तरण गरिसक्नुपर्ने भएकोले कारोबार भएको दुई कार्यदिन (T+2) पश्चात् Debit Instruction Slip (DIS) स्वीकार नगरिने र यसबाट पर्न जाने हानी नोक्सानीको जिम्मेबारी लगानीकर्ता स्वयंले लिनुपर्ने तर्फ समेत सचेत हुन आग्रह गरिन्छ।


**Sanima Bank**
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

**Sanima Capital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

नक्साल, काठमाण्डौ, फोन: +९७७-४४२८९५६/५७, फ्याक्स: ४४२८९५८
इमेल: sanimacapital@sanimabank.com वेवसाइट: www.sanima.capital